भाग २

स्थानीय सरकार



| परशुराम नगरपालिकाद्वारा प्रकाशित |
| --- |
| खण्ड ६ संख्या १६ मिति २०८०/०९/२६ |
| जोगबुडा,डडेल्धुरा,सुदूरपश्चिम प्रदेश,नेपाल |



**परशुराम नगरपालिकाको चिकित्सक तथा स्वास्थ्यकर्मी करार सेवामा व्यबस्थापन गर्ने सम्बन्धि कार्यविधि २०८०**

**प्रस्तावना :**

परशुराम नगरकार्यपालिकाको कार्यालय र परशुराम नगरपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरुमा चिकित्सक तथा स्वास्थ्यकर्मिहरु दरवन्दी अनुसार स्थायी पदपूर्ति हुन नसकी स्वास्थ्य सेवा प्रवाह् गर्न कठिनाइ भएको र स्थानीय तहको स्वास्थ्य सेवाका स्वीकृत दरवन्दीका पदहरुमा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मिहरु अध्ययन तथा असाधारण बिदामा रहेको वा समायोजन भई रिक्त रहेको वा लोक सेवा आयोगमा माग आकृति फारम पठाई सकेको तर पूर्ति भई नसकेका, नगरपालिका भित्र सञ्चालित अस्पताल, बिभिन्न वडाहरुमा संचालितस्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्र, शहरी स्वास्थ्य केन्द्रतथा अन्य स्वास्थ्य इकाइका बिभिन्न पदहरुमा कार्यरत कर्मचारी, प्रयोगशालामा काम गर्ने कर्मचारी लगायत अन्य आवश्यकताका आधारमा सृजना गरिएका पदहरुमा चिकित्सक तथा स्वास्थ्यकर्मी करार सेवामा लिई स्वास्थ्य सेवा प्रवाहलाई सुचारु ,नियमित र प्रभावकारी बनाउन आवश्यक भएकोले रिक्त पदमा चिकित्सक तथा स्वास्थ्यकर्मी करारमा लिने कार्यलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

परशुराम नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ०४ वमोजिम परशुराम नगर कार्यपालिकाको वैठकबाट यो कार्यविधि स्वीकृत गरि लागु गरिएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ :**(क)यस कार्यविधि को नाम "परशुराम नगरपालिकाको चिकित्सक तथा स्वास्थ्यकर्मी करार सेवामा व्यबस्थापन गर्ने सम्बन्धि कार्यविधि २०८० " रहेको छ ।

(ख)यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

(ग) यो कार्यविधि स्थानीय तहले स्थापना गरेको स्वास्थ्य संस्थाको लागि नगरपालिकाबाट सृजना गरिएका पद तथा दरवन्दी र संघीय एवं प्रादेशिक सरकारबाट प्राप्त स्वास्थ्य संस्थाको लागि सिर्जना गरिएका आवश्यक पद

तथा दरवन्दी भन्दा थप स्वास्थ्य कर्मी आवश्यकता भएको अवस्थामा नगरकार्यपालिको निर्णयानुसारको प्राविधीककर्मचारी ब्यवस्थापनको लागि यो कार्यविधी लागु हुनेछ ।

**२.परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ;

(क) "अख्तियारवाला " भन्नाले स्थानीय तहको तर्फबाट करार सम्झौता गर्न अधिकार प्राप्त अधिकारी सम्झनु पर्छ ।

(ख) "सेवा" भन्नाले स्थानीय तहले प्रदान गर्ने स्वास्थ्य सेवा सम्झनु पर्छ ।

(ग) "कार्यालय" भन्नाले स्थानीय तहको स्वास्थ्य सेवा संग सम्बन्धित कार्यालयहरु सम्झनु पर्छ ।

(घ) "करार सेवा" भन्नाले प्रचलित कानुन वमोजिम निश्चित अवधि तोकी सम्झौताका आधारमा गरिने करार सेवा सम्झनु पर्छ ।

(ङ) "दुर्गम बस्ति" भन्नाले परशुराम नगरपालिका को विकट क्षेत्र वडा नं.२ बसौटी र गोगन ,वडा नं.७ को मलास ,वडा नं. ८ को साइसौनर वडा नं. ११ को सिमलबन्ड क्षेत्रलाई सम्झनु पर्छ ।

(च) "ऐन " भन्नाले "स्थानीय सरकार संचालन ऐन ,२०७४ " सम्झनु पर्छ ।

(छ) "कार्यविधि" भन्नाले "परशुराम नगरपालिकाको चिकित्सक तथा स्वास्थ्यकर्मी करार सेवामा व्यबस्थापन गर्ने सम्बन्धि कार्यविधि २०८० " लाई सम्झनु पर्छ ।

(ज) "चिकित्सक वा स्वास्थ्यकर्मी " भन्नाले दफा ३ (२) वमोजिम स्वास्थ्य सेवा उपलब्ध गराउने गरि व्यबस्था भएका कर्मचारी सम्झनु पर्छ ।

(झ) "समिति" भन्नाले दफा ५ वमोजिम गठित अन्तर्वार्ता तथा सूचीकरण समिति सम्झनु पर्छ ।

**३. करार सेवामा जनशक्ति लिने अधिकार :**(१) स्थानीय सेवाको रिक्त पदमा करार सेवामा जनशक्ति लिने अधिकार स्थानीय तहको कार्यपालिकालाई हुनेछ ।

(२) यस कार्यविधि वमोजिम करार सेवाका लागि छनोट भएका चिकित्सक वा स्वास्थ्यकर्मी संग प्रचलित कानुन वमोजिम अधिकार प्राप्त अख्तियारवालाले करार सम्झौता गरि काममा लगाउन सक्नेछ ।

**४. योग्यता :** यस कार्यविधि वमोजिम करार सेवामा रही स्वास्थ्य सेवा प्रदान गर्नका लागि चिकित्सक वा स्वास्थ्यकर्मीले सो पद का लागि निर्धारित न्युनतम शैक्षिक योग्यता र देहाय वमोजिम को योग्यता हाँसिल गरेको हुनुपर्दछ ।

(क) सहायक तहको पदमा १८ बर्ष उमेर पुरा भइ ४० बर्ष उमेर ननाघेको ,

(ख) अधिकृत तहको पदमा २१ बर्ष उमेर पुरा भइ ४० बर्ष उमेर ननाघेको ,

(ग)मान्यता प्राप्त शैक्षिक संस्थाबाट सम्बन्धित पदका लागि आवश्यक न्युनतम शैक्षिक योग्यता हाँसिल गरि प्रचलित कानुन वमोजिम स्थापना भएका स्वास्थ्य सम्बन्धि कुनै व्यबसायिक परिषदमा दर्ता भएको हुनुपर्नेछ ।

(घ) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरि सेवाबाट बर्खास्त नभएको ।

(ङ) नेपाली नागरिक

(च) प्रचलित कानुन वमोजिम अयोग्य नभएको

**५. सेवा करार सम्बन्धि प्रक्रिया एवं कार्यविधि :** (१) स्थानीय तहका स्वास्थ्य संस्थामा देहाय वमोजिमका पदमा करार सेवामा चिकित्सक वा स्वास्थ्यकर्मी र अन्य कर्मचारी लिन सकिनेछ ;

(क) कुनै चिकित्सक वा स्वास्थ्यकर्मी अध्ययन वा असाधारण बिदामा बसेको अवधिभर ।

(ख) सेवाको कुनै पद कुनै कारणवस रिक्त हुन गइ सो माग आकृति फारम भरि लोकसेवा आयोगमा पठाई सकेको तर पदपूर्ति भइ नसकेको अवधि भर ।

(ग) कर्मचारी समायोजन ऐन अनुसार समायोजन भइ रिक्त रहेको तर पदपूर्ति नभएको अवधिभर ।

(२) करार सेवा लिनका लागि आवश्यक पद संख्या र यसका लागि न्युनतम आवश्यक योग्यता समेत स्पस्ट खुलाई न्युनतम १५ दिनको सूचना प्रकासित गरि ईच्छुक उमेदवार हरुबाट दरखास्त आह्वान गर्नुपर्नेछ ।
(३) आवेदन दस्तुर नगरपालिकाबाट निर्धारण भए वमोजिम हुनेछ ।
(४)उपयुक्त उमेदवार छनोटका लागि बिज्ञ सहितको कम्तिमा ३ जना सदस्य रहेको छनोट समिति गठन गर्नुपर्नेछ । करारमा कर्मचारी छनोट गर्न देहाय वमोजिमको एक छनोट समिति रहनेछ ।
(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक
प्रशासकीय प्रमुख - सदस्य
स्वास्थ्य शाखा प्रमुख – सदस्य सचिब
(ख) समितिले आवश्यकताका आधारमा अन्य ब्यक्तिलाई आमान्त्रण गर्न सक्नेछ ।
(५) (क) छनोट समितिले लिखित वा मौखिक वा दुवै परीक्षाको माध्यम बाट उम्मेदवार छनोट गर्न सक्नेछ ।
(ख) उपदफा ५ क मा जुनसुकै कुरा लेखिएता पनि कर्मचारी छनोट समितिले संक्षिप्त सुची प्रकाशन गरि मौखिक परीक्षाको माध्यम बाट पनि उमेदवार छनोट गर्न बाधा पुर्याउने छैन । छनोट समिति आफैले एक जना बिज्ञ समेत रहने गरि छुट्टै अन्तर्वार्ता समिति गठन गरि अन्तर्वार्ता लिन सक्नेछ ।
(६) उमेदवार छनोट प्रक्रियाको लागि आवश्यक पाठ्यक्रम सम्बन्धित पदका लागि लोकसेवा आयोगले निर्धारण गरे वमोजिम हुनेछ ।
(७) छनोट समितिले करार सेवामा काममा लगाउने उमेदवार सिफारिस गर्दा कम्तिमा दुइ जना र उपलब्ध भए सम्म रिक्त पदको ३० % सम्म बैकल्पिक उमेदवार को रुपमा सिफारिस गर्न सक्नेछ ।
(८) छनौट समितिले सिफारिस गरेको उमेदवार संग नगरपालिकाले सेवा करार सम्झौता गरि निश्चित अवधि तोकी सेवा करार सम्झौता गर्नु पर्नेछ ।
(९) करार सेवामा काममा लागेका कर्मचारीले पाउने सुविधा लगाएतका विषय प्रचलित कानुन वमोजिम हुनेछ । यस्ता सेवा सुविधा करार सम्झौतामा उल्लेख गर्नुपर्नेछ ।तर स्थानीय तहको कार्यपालिकाले कार्य प्रकृती, जोखिम लगाएतका बिषय हेरी थप सेवा सुविधा उपलब्ध गराउन बाधा पर्ने छैन ।

**<u>६.उम्मेदवार को परिक्षण एवं सिफारिस सम्बन्धि व्यबस्था :</u>**(१) छनोट समितिले निष्पक्ष रुपमा प्रतिष्पर्धा गराई योग्य र उपयुक्त उमेदवार छनोट गर्नु पर्ने छ ।
(२) अन्तर्वार्तामा छनोट समितिले निर्धारण गरे वमोजिमको मुल्यांकन फारम प्रयोग गर्नु पर्नेछ ।
(३) छनोट समितिले वा अन्तर्वार्ता समितिका अध्यक्ष वा सदस्य कुनै उमेदवार संग नजिकको नाता सम्बन्ध पर्ने भएमा त्यस्ता अध्यक्ष वा सदस्यले उक्त छनोट प्रक्रियामा सहभागी हुनुहुदैन ।नाता नपर्ने स्वयम् घोषणा गर्नु पर्ने छ ।यसरी घोषणा नगरी समितिमा समावेश भई काम कारवाही भएको प्रमाणित भएमा सो मुल्यांकन रद्द हुनेछ ।
(४) अन्तर्वार्तामा कुल अंकको ७०%भन्दा बढी वा ४०%भन्दा कम अंक दिन पाइने छैन ।सो भन्दा घटी वा बढी अंक दिनु परेमा सो को स्पस्ट कारण खोल्नु पर्नेछ ।कारण नखोली घटी वा बढी अंक दिएमा समितिका कम्तिमा ५०% सदस्यले यसरी कारण नखोलेको अवस्थामा बढीमा ७०% र घटीमा ४०% अंक मात्र कायम हुनेछ ।

**<u>७. सेवा करार सम्बन्धि अन्य व्यबस्था :</u>** (१) करार सेवामा छनोट भएका उमेदवार हरुलाई करार सम्झौताका लागि सम्बन्धित कार्यालयमा सम्पर्क राख्न ७ दिनको म्याद राखी सूचना दिनुपर्नेछ ।
(२) उपदफा १ वमोजिमको अवधि भित्र करार सम्झौता गर्न आउने सुचिकृत उमेदवार संग कार्यालयले अनुसूची २ बमोजिमको ढाचा मा करार सम्झौता गर्नु पर्नेछ ।उक्त अवधि भित्र सम्पर्क राख्न नआएमा क्रमसः बैकल्पित उमेदवार लाइ सूचना दिई करार गर्न सकिनेछ ।

(३)उपदफा २ वमोजिम करार गरे पश्चात अनुसूची ३ वमोजिमको पत्र कार्यालयले सुचिकृत उमेदवार लाइ दिनुपर्ने छ ।सेवा करार सम्झौता गर्दा देहायको विषय खुलाई गर्नु पर्नेछ ।

(क) सेवा करार सम्झौताको अधिकतम अवधि ,

(ख) सेवा करारमा रही गर्नु पर्ने कामको बिबरण ,

(ग) सेवाका शर्त र सुविधा

(घ) करार भंग हुने अवस्था

(ङ) कार्य सम्पादन र बिदा लगायतका अन्य विषयहरु

**८. करार सेवाको अवधि :**करार सेवाको अवधि चालु आर्थिक बर्ष ननाघ्ने गरि बढीमा ६ महिना सम्म हुनेछ ।

**९. म्याद थप सम्बन्धि व्यबस्था :** (१) दफा ५ वमोजिमको अवस्था विद्यमान रहेको अवस्थामा सेवा करार सम्झौता गरि सेवा प्रदान गरि रहेका चिकित्सक वा स्वास्थ्यकर्मी र कर्मचारीको कार्यसम्पादन स्तर हेरी एक पटकमा ६ महिना नबढ्ने गरि म्याद थप गर्न सकिनेछ ।

(२) यो निर्देशिका लागु हुनु पुर्व करार सम्झौता गरि रहेका व्याक्तिका हकमा समेत उपदफा १ वमोजिमको व्यबस्था लागु हुनेछ ।

**१०.करार सेवास समाप्त हुने :** देहायको अवस्थामा करार सेवा समाप्त हुनेछ ।

(क) करार सेवामा लिएको व्याक्तिको सेवा सन्तोषजनक नभएको वा पदीय दायित्व वहन गर्न नसकेको भनि निज कार्यरत कार्यालयले गरेको सिफारिस का आधारमा अख्तियारवालाले करार सम्झौता भंग गरेमा , तर त्यसरी सम्झौता भंग गर्नु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौका दिनुपर्नेछ ।

(ख) स्वास्थ्य सेवा सम्बन्धि प्रचलित कानुनमा रहेका आचरण वा पदीय अनुसासन विपरित कार्य गरेमा

(ग) करार सेवामा काम गर्ने व्याक्तिले सेवाबाट अलग हुनको लागि एक महिना अगावै अख्तियारवालालाई त्यस्तो सूचना दिएमा

(घ) अध्ययन वा असाधारण विदामा वसेको चिकित्सक वा स्वास्थ्यकर्मी को पदमा करार सेवामा रहेका कर्मचारीको हकमा त्यस्तो बिदामा वसेको कर्मचारी आफ्नो पदमा हाजिर भएमा

(ङ) लोकसेवा आयोग वा प्रदेश लोक सेवा आयोगबाट त्यस्तो पदमा स्थायी पदपूर्ति भएमा

(च)अध्ययन वा असाधारण बिदामा रहेको अवस्थामा वा रिक्त पदमा करारमा रहेको अवस्थामा त्यस्तो पदमा अन्य कुनै स्थायी कर्मचारी सरुवा भइ पदपूर्ति भएमा ।

(छ) नगरक्षेत्र भित्र रहेका रिक्त स्थाई दरबन्दीमा स्थाई पदपूर्ति हुदा सोहि पदमा करार सेवामा रहेका कनिस्ट कर्मचारीहरुबाट पदमुक्त गरिने छ ।

**११. करार सेवामा रहने कर्मचारीले पाउने सेवा सुबिधा :** करार सेवामा रहने कर्मचारीको सेवा सुबिधा देहाय बमोजिम हुनेछ ।

(क) करार सेवाका कर्मचारीहरुले आवश्यकतानुसार सार्बजनिक बिदामा समेत काम गर्नुपर्नेछ । सार्बजनिक बिदामा काम गरे बाफत निजले सट्टा बिदा वा सो बाफतको सुविधा पाउनेछ ।

(ख) करार सेवामा रहेका कर्मचारीले सार्बजनिक बिदा बाहेक प्रत्येक महिना १ दिन बिदा पाउनेछ। सट्टा बिदा बाहेक अन्य दिन कार्यालयमा बिना सुचना अनुपस्थित कर्मचारीले त्यस्तो अनुपस्थित दिनको तलब भत्ता पाउने छैन।

(ग) प्रचलित कानून बमोजिम नेपाल सरकारबाट निर्धारित पारिश्रमिक उपलब्ध गराउन नसकिएको अवस्थामा प्रत्येक आर्थिक वर्षमा नगरसभाको निर्णयानुसार कर्मचारीको पारिश्रमिक तोकिनेछ । साथै उल्लेखित पारिश्रमिकको व्यवस्था नहुञ्जेल सम्म नगरकार्यपालिकाबाट निर्णय गरी कर्मचारीहरुको न्यूनतम पारिश्रमिक देहाय बमोजिम हुनेछ। देहाय बमोजिमको सेवा सुविधा नगरकार्यपालिकाबाट निर्णय भए पश्चात लागु हुनेछ।

(१)करार सेवाको श्रेणी विहिन तहको पारिश्रमिक न्युनतम मासिक रु १५०००/- हुनेछ।

(२) करार सेवाको सहायक चौथो तहको पारिश्रमिक न्युनतम मासिक रु १८०००/- हुनेछ।

(३)करार सेवाको सहायक पाँचौं तहको पारिश्रमिक न्युनतम मासिक रु २१०००/- हुनेछ।

(४) प्रोत्साहन भत्ता स्वरुप सेवा अवधिको आधारमा प्रति बर्ष सेवा अवधिको मासिक रु ५००/- का दरले उपलब्ध गराइने छ। सेवा अवधि गणना गर्दा अधिकतम सेवा अबधि १० बर्ष सम्मको मात्र गणना गरिने छ।

(५) कार्य प्रकृती लगायतका जोखिम हेरी प्रयोगशालामा काम गर्ने करार सेवाका कर्मचारीलाइ नियमानुसारको शुरु तलब स्केलको २५ % थप जोखिम भत्ता उपलब्ध गराइने छ।

(६) नगरपालिका भित्रका दुर्गम बस्तिहरुमा सेवा गर्ने करार सेवाका स्वास्थ्यकर्मीहरुलाई मासिक ४०००/- का दरले दुर्गम भत्ता उपलब्ध गराइने छ।

(घ)करार सेवामा रही कम्तिमा ६ महिना भन्दा बढी निरन्तर सेवा गर्ने कर्मचारीलाई प्रत्येक बर्ष १ महिना को तलब बराबरको रकम चाँड पर्ब खर्च बाफत दिईने छ।

(ङ) करार सेवामा रहेका कर्मचारीहरुलाइ नियमानुसार पोशाक खर्च पाइने छ।

(च) सेवा सुबिधा सम्बन्धि अन्य व्यवस्था करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

**<u>१२. करार सेवामा रहेका कर्मचारीको सरुवा सम्बन्धि व्यवस्था :</u>** (क) एउटा स्वास्थ्य संस्थामा करार सम्झौता गरि कार्यरत व्यक्ति समयावधि समाप्त हुँदाका बखत अर्को स्वास्थ्य संस्थामा सोहि प्रकारको जनशक्ति आबश्यक भएमा सो स्वास्थ्य संस्थामा खटाउन कुनै बाधा पर्ने छैन।

(ख) करार सेवामा रहेका कर्मचारीलाइ नगरपालिकाको आवश्यकताका आधारमा नगर भरिका जुनसुकै स्वास्थ्य संस्थामा काजमा वा सरुवा गर्न सकिनेछ। यसरि करार सेवामा रहेका कर्मचारीको सरुवा वा काजमा पठाउदा सम्बन्धित स्वास्थ्य संस्था संचालन तथा ब्यबस्थापन समितिको निर्णय र सम्बन्धित वडा कार्यालयको सिफारिस आबश्यक पर्नेछ।

**<u>१३. कार्यविधिको व्याख्या :</u>** यो कार्यविधि कार्यान्वयन गर्ने क्रममा कुनै वाधा अड्काउ परेमा परशुराम नगरकार्यपालिकाले आवश्यक व्याख्या वा निर्णय गरे बमोजिम हुनेछ ।

प्रमाणीकरण मिति: २०८०/०९/२५

आज्ञाले

कृष्णदेव जोशी

प्रमुख प्रशासकीय अधिकृत